# भैरवनाथ गणमा सेनाले प्रहरीलाई दिएको यातना सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन
# ०६३ साउन १२

प्रतिवेदन सार्वजनिक भएको मिति : ०६३ साउन १८ गते, काठमाडौं

**मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सचिवालय**
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

# स्थलगत अध्ययन टोलीको नामावली

१. बाबुराम विश्वकर्मा, इन्सेक
२. विमलचन्द्र शर्मा,  इन्सेक
३. सुशिल श्रेष्ठ, हिमराइट्स
४. माया गुरुङ, हिमराइट्स
५. जमुना पौडेल, सिभिक्ट
६. भोजराज अधिकारी, मानवअधिकार एलाइन्स
७. राजु थापा, सिमाविहिन मानवअधिकार
८. राजु पासवान, इन्सेक काठमाडौं
९. प्रेम खड्गी, इन्सेक

**घटना भएको मिति** : ०६३ साउन १२ गते
**घटना भएको स्थान** : भैरवनाथ गण महाराजगञ्ज
**अध्ययन गरिएको मिति** : ०६३ साउन १४ गते

# कार्यकारी सारांश

नेपाली सेनाको भैरवनाथ गणका क्याप्टेन रोविनविक्रम राणाले ०६३ साउन १२ गते राति ११ बजे ठमेलमा ड्युटीमा रहेका प्रहरीलाई जथाभावी भनेपछि उनीसँगै रहेका विकेन्द्रसिंह विष्ट, प्रहरी सहायक निरीक्षक धमेन्द्र राय र जवान दिलबहादुर तामाङबीच विवाद उत्पन्न भएको पाइयो । राणाको गाडीले सडक अवरुद्ध गरेका कारण प्रहरी सहायक निरीक्षक रायले उनलाई गाडी हटाउन आग्रह गर्दा राणाले उनको जागिर खाने धम्की दिएपछि प्रहरी जवान तामाङ र स्थानीय जनताले राणासँग रहेका विष्टमाथि हातपात गरेको पाइयो । त्यसपछि प्रहरी टोलीको नेतृत्व गरिरहेका प्रहरी निरीक्षक रामबहादुर के.सी.को आदेशमा विष्ट र प्रहरी जवान तामाङलाई वडा प्रहरी कार्यालय दरबारमार्गमा बुझाइयो ।

यतिकैमा त्यहाँबाट भागेका रोविन राणाले भैरवनाथ गणमा गएर गणपतिकोसहित दुई ओटा जिप्सी गाडी र एउटा मोटरसाइकल प्रयोग गरी हातहतियार सहितका ४० जना सैनिक र सहयोगी लिएर वडा प्रहरी कार्यालय दरबारमार्ग घेराउ गरे । घेराउसँगै सैनिकहरूले प्रहरी निरीक्षक रामबहादुर केसी, सहायक निरीक्षक धमेन्द्र राय र प्रहरी जवान दिलबहादुर तामाङलाई कब्जामा लिएर मध्यरातमा भैरवनाथ गणमा पुऱ्याएर यातना दिए ।

भैरबनाथ गणमा लगेर तीनै जनालाई पालैपालो चरम यातना दिएको पाइयो । यातना दिने क्रममा रामबहादुर के.सी.लाई मुक्का र बुटले करिब १० पटक हिर्काइएको थियो । सहायक निरीक्षकलाई क्याप्टेन रोविनविक्रम राणा लगायतका सैनिकले पानीमा डुबाएर बुट, मुक्काले हिर्काएर शरीरभरि निलडाम पारिएको देखियो । क्याप्टेन राणाले बुटले अण्डकोषमा हिर्काएका कारण उनको दुवै अण्डकोष सुनिएको थियो । सबैभन्दा बढी यातना पाएका प्रहरी जवान दिलबहादुर तामाङलाई भने सेनाले पानीमा डुबाएर चार पटक करेण्ट लगाएको थियो । करेण्ट लगाएर यातना दिएका कारण उनी भैरवनाथ गणमै बेहोश भएको पाइयो । सामान्य विवादलाई आधार बनाएर यसरी सेनाद्वारा यातना दिइएका प्रहरीलाई यानताका साथ मानसिक धम्की दिइएको थियो । सेनाले पीडित तीनै जनालाई अपशब्द प्रयोग गरेर गालीगलौज गरेका थिए । यातनापछि रातको ४:३० बजे भपाई गरेर पीडित तीनै जनालाई भैरवनाथ गणले वडा प्रहरी कार्यालय महाराजगञ्जमा बुझाएको थियो ।

पीडितहरूले आफ्ना दुई ओटा मोबाइल सेट, डेढ तोलाको सुनको सिक्री र १० हजार नगद भैरवनाथ गणका सेनाले जफत गरी फिर्ता नगरेको बताए । तर सेनाले प्रहरीलाई दिएको भर्पाइमा भने सबै सामानसहित तीनै जनालाई सकुशल बुझाएको उल्लेख छ ।

भैरवनाथ गणमा सेनाले प्रहरीलाई दिएको यातनाका बारेमा छानविन गर्नका लागि सरकारले ०६३ साउन १४ गते रक्षा मन्त्रालयका सचिव काशीनाथ शर्माको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरेको छ । समितिमा गृहसहसचिव बामनप्रसाद न्यौपाने, सहन्यायधिवक्ता राजनारायण पाठक, सेनाको प्राड विभागका महासेनानी निरेन्द्र अर्याल र प्रहरी प्रधान कार्यालय, कार्य महाशाखाका एसएसपी कृष्णप्रसाद श्रेष्ठ रहेका छन् । त्यस्तै नेपाली सेनाले सैनिक ऐन अनुसार कोर्टअफ इन्क्वारी बोर्डको सिफारिशमा उपरथी यादवबहादुर रायमाझीको अध्यक्षतामा पाँच सदस्यीय जनरल सैनिक अदालत गठन गरेको छ ।

## घटना विवरण

प्रहरी प्रधान कार्यालय नक्सान अर्न्तगत विशेष कार्यदलबाट ०६३ साउन १२ गते राति ११: ३० बजे गस्तीका लागि ७ जना प्रहरी रहेको मोबाइल टोली सामाखुशीबाट ठमेलतर्फ अघि बढेको थियो । सो टोलीको नेतृत्व प्रहरी निरीक्षक रामबहादुर केसीले गरेका थिए । उनको साथमा प्रहरी सहायक निरीक्षक धमेन्द्र राय र प्रहरी जवान राजन भनिने दिलबहादुर तामाङ पनि सम्मिलित थिए । प्रहरीको मोबाइल टोली ठमेलस्थित सञ्चयकोष भवनजनिक पुग्दा त्यहाँ जिप्सी नामक गाडी रोकिएको थियो । त्यही गाडीमा नेपाली सेनाका क्याप्टेन रोविनविक्रम राणा र विकेन्द्रसिंह विष्ट थिए । प्रहरी सहायक निरीक्षक धमेन्द्र रायले बाटो रोकेर राखिएको राणाको गाडीलाई हटाउन आग्रह गरेपछि राणाले 'तँ को होस् तेरो जागिर खाइदिन्छु' भनेपछि सादापोशाकमा रहेका प्रहरी जवान दिलबहादुर तामाङले विकेन्द्रसिंह विष्टलाई हातपात गरे । दुई जनाबीच झडप भएपछि प्रहरीले विष्ट र प्रहरी जवान तामाङलाई भ्यानमा हालेर वडा प्रहरी कार्यालय दरबारमार्गमा ल्याएर लिखित भर्पाइ गरी बुझाए ।

उता जिप्सी गाडी लिएर भागेका क्याप्टेन राणा भने घटना भएलगतै नेपाली सेनाको भैरवनाथ गणमा पुगेर ४० जना हतियारधारी सशस्त्र सैनिक लिई, गणपतिको गाडी सहित दुई ओटा गाडी र एउटा मोटरसाइकल लिएर वडा प्रहरी कार्यालय दरबारमार्गमा पुगे । उनले हतियार तथा बर्दीधारी सैनिकलाई वडा प्रहरी कार्यालय घेरा हाल्न लगाएर प्रहरी निरीक्षक रामबहादुर के.सी. सहायक निरीक्षक धमेन्द्र राय र प्रहरी जवान दिलबहादुर तामाङलाई कब्जामा लिएर सैनिक गाडीमा राखे । कब्जामा लिने क्रममा सैनिकहरूले प्रहरीका मोबाइल सेट तथा प्रहरीका सञ्चार सेटसमेत जफत गरेका थिए । कब्जामा लिएपछि तीनै जनालाई जिप्सीमा राखिएको थियो ।

कब्जामा लिने क्रममा क्याप्टेन राणाले सैनिक जवान तथा उनका सहयोगीलाई सबैलाई घेर, समातेर गाडीमा हाल भन्ने आदेश दिएका थिए । प्रहरी निरीक्षक रामबहादुर के.सी.ले गाडीमा बस्न नमानेपछि उनलाई सेनाले एसएमजी तेर्स्याएर घोक्रयाएर गाडीमा राखेका थिए । गाडीमा राखेपछि सेनाले भैरबनाथ गण लगेका थिए । भैरवनाथ गणमा पुऱ्याएर क्याप्टेन राणाले असई र इन्सपेक्टरलाई तल झार भने । त्यसपछि सैनिक जवानले तीन जनालाई भैरवनाथ गणको माछा पोखरी नजिकको जमिनमा झारे । 'तँ दरवार मार्गको राजा होस ? तलाई निक्कै लोकतन्त्र लागेको रहेछ' भन्दै प्रहरी निरीक्षक के.सीलाई लात्ताले हाने । उनका अनुसार क्याप्टेन राणाले उनलाई हातपात गरेका थिए । के. सी. लाई करिब १० पटक जति बुट र मुक्का प्रहार गरिएको थियो । उनलाई राणाले गस्तीमा रहेको मोबाइल टोलीको नाम बताउन पटक पटक आग्रह गरेका थिए । साथै राणाले भैरवनाथ गणमा प्रहरीलाई 'मैले पेस्तोल नबोकेर आज तिमीहरू बाँच्यौ' भनेका थिए ।

प्रहरी सहायक निरीक्षक धमेन्द्र रायलाई भने फुटबललाई झै सैनिकहरूले किकले हिर्काएको पीडितको भनाई छ । उनलाई भैरबनाथभित्रको माछा पोखरीमा डुबाएर मुख र नाकमा हिर्काइएको थियो । क्याप्टन आफैंले किकले अण्डकोषमा हिर्काएका कारण उनको अण्डकोषमा गहिरो असर परेको छ, सुनिएको छ । उनलाई शरीरभरि हिर्काएको थियो ।

सैनिक कब्जामा सबैभन्दा बढी यातना राजन भन्ने दिलबहादुर तामाङलाई दिइएको थियो । सेनाले बुटले जथाभावी हिर्काएका कारण उनको दाहिनेतिरको करङ र छातिमा गहिरो चोट लागेको छ । सैनिक यातनाका कारण उनी भैरबनाथ गण मै वेहोश भएका थिए । पानीमा डुबाएर चार पटक करेण्ट लगाएपछि प्रहरी जवान तामाङ बेहोश भएका थिए । बत्ती मारेर करेण्ट लगाएको प्रहरी निरीक्षक के.सी. को बयान छ । चर्को यातनाका कारण तामाङको मानसिक सन्तुलन असामान्य रहेको चिकित्सकको प्रतिवेदनले देखाएको छ ।

## मेडिकल प्रतिवेदनमा के छ ?

भैरबनाथ गणको यातनापछि ०६३ साउन १३ गते शनिवार विहान वीर अस्पतालको आकस्मिक उपचार कक्षमा तीनै जनालाई उपचारार्थ लगियो । त्यहाँ सामान्य उपचारपछि उनीहरूलाई वीरेन्द्र प्रहरी अस्पताल महाराजगंजमा लागियो । अस्पतालले मानवअधिकार टोलीलाई उपलब्ध गराएको मेडिकल प्रतिवेदन अनुसार, प्रहरी निरीक्षक रामबहादुर के.सी.को सैनिक यातनाका कारण निधारमा चोट लागेको, बायाँ काँध र हत्केलामा चोट तथा शरीरभरि बुटले हानेको निलडाम छ ।

प्रहरी सहायक निरीक्षक धमेन्द्र रायको अण्डकोषमा गम्भीर चोट लागेका कारण फुलेको, दुवै आँखा सुनिएको, बुट र मुक्काले हानिएका कारण शरिरभरि निलडाम रहेको छ । प्रहरी जवान दिलबहादुर तामाङको दायाँ गाला र दायाँ हातको माझी औंला काटेको, बायाँ कान सुनिएको, दायाँ छातिमा श्वासप्रश्वासमा अवरोध भएको, करेण्ट लगाएका कारण मृगौलामा असर परेको मेडिकल प्रतिवेदनमा उल्लेख छ । तामाङलाई अत्याधिक यातना दिएका कारण उनलाई लामो समय मानसिक तनाव रहन सक्ने खतरा रहेको देखिएको छ । विरेन्द्र प्रहरी अस्पतालका प्रहरी नायब निरीक्षक ईश्वर चापागाँईका जानकारी अनुसार सो अस्पतालमा डा. सुरज रानाले तीनै जना बिरामीको स्वास्थ्य परीक्षण गरेका थिए । तीनै जनालाई प्रारम्भिक रुपमा एक साताका लागि औषधी दिईएको छ ।

करिब ३ घण्टा भैरवनाथ गणमा यातना दिएर राति ४: ३० बजे तीनै जनालाई महाराजगंज वडा प्रहरी कार्यालयको प्रहरी भ्यानमा हालेर महाराजगंज वडामा लगेर बुझाइएको थियो । भैरवनाथ गणका  सहसेनानी लक्ष्मीभक्त श्रेष्ठले वडा प्रहरी कार्यालय महाराजगंजका प्रहरी सहायक निरीक्षक नरबहादुर श्रेष्ठलाई एक भर्पाइ गराएर तीनै जनालाई बुझाएका थिए । भर्पाइमा सेनाले क्याप्टेन राणामाथि भएको हातपातका सम्बन्धमा सोधपुछका लागि ल्याइएका तीनै जनालाई सोधपुछपछि उनीहरूको सामानसहित सकुशल बुझाएको उल्लेख छ । तर पीडित मध्ये निरीक्षक केसीले आफ्नो १० हजार मुल्य पर्ने मोबाइल सेट, सहायक निरीक्षक धमेन्द्र रायले ३० हजार मुल्य पर्ने मोबाइल सेट तथा डेढ तोलाको सुनको सिक्री र प्रहरी जवान दिलबहादुर तामाङले पर्ससहित ९ हजार रुपैयाँ नगद भैरवनाथ गणमा क्याप्टेन राणाले खोसेर फिर्ता नगरेको दाबी गरेका छन् ।

## दुई ओटा छानविन समिति

भैरवनाथ गणमा सेनाले प्रहरीलाई दिएको यातनाका बारेमा छानविन गर्नका लागि सरकारले ०६३ साउन १४ गते रक्षा मन्त्रालयका सचिव काशीनाथ शर्माको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरेको छ । समितिमा गृहसहसचिव बामनप्रसाद न्यौपाने, सहन्यायधिवक्ता राजनारायण पाठक, सेनाको प्राड विभागका महासेनानी निरेन्द्र अर्याल र प्रहरी प्रधान कार्यालय, कार्य महाशाखाका एसएसपी कृष्णप्रसाद श्रेष्ठ रहेका छन् । त्यस्तै नेपाली सेनाले सैनिक ऐन अनुसार कोर्टअफ इन्क्वारी बोर्डको सिफारिशमा उपरथी यादवबहादुर रायमाझीको अध्यक्षतामा पाँच सदस्यीय जनरल सैनिक अदालत गठन गरेको छ ।

## पीडितको बयान जस्ताको तस्तै

पीडित रामबहादर के.सी, प्रहरी निरीक्षक

विशेष कार्यदलको  गस्ती  मेरो कमाण्डमा ७ जना टोली साउन १२ गते साँढे ११ बजे सामाखुशी हुदै ठमेल पुग्दा सडक अवरुद्ध गरेर एउटा रातो जिप्सी  गाडि थियो । ड्रेसमा रहनु भएका असई साप भ्यानबाट ओर्लिएर  गाडि साइड गर्न भन्दा तैले हामीलाई चिनेको छैनस् तेरो जागिर पनि खाइ दिन सक्छौ  भनी गाली गर्न थाले ।  रोविनविक्रम राण र  विष्ट दुई जना मात्र थिए । एक्कासी झडप भयो र भिड जम्मा भयो । प्रहरी जवान दिलबहादुर तामाङ

सादापोशाकमा थियो, उसले  डउटीमा रहेको प्रहरीलाई किन नटेको भन्दा हातपात गरियो । त्यसपछि विष्ट र तामाङलाई भ्यानमा राखेर वडा प्रहरी कार्यालय दरवारमार्गमा बुझाइयो । ठमेलबाट भागेका रोविनविक्रम राणाले भैरवनाथ गणमा गएर हतियार सहित४० जना सैनिक ल्याएर वडा प्रहरी कार्यालय घेराउ गरे । जान्न भन्दा माथिको आदेश छ  हिड्ने भए हिड् भनी धम्कीपूर्ण भाषा प्रयोग गर्दै जवरजस्ती जिप्सीमा हाले ।  मेरो सेटबाट कन्ट्रोल रुममा जानकारी दिदैं गर्दा सेट पनि खोसिदिए  । सिधै भैरवनाथ गण लगेर खुल्ला चउरमा राखे ।  दरवारमार्गको राजा तँ होइनस् भन्दै  लात्ती बुटले  हाने । पानीमा डुबाउन लागेका थिए । मसँगै प्रहरी असई धमेन्द्र राय र प्रहरी जवानलाई पनि सँगै लगेका थिए । मलाई भन्दा बढी असई साप र उहाँलाई भन्दा बढी दिलबहादुरलाई यातना दिए । अन्तिममा ४: ३० बजे महाराजगंज वडामा लगेर बुझाए । मेरो १० हजार जाने मोबाइल फिर्ता गरेका छैनन् ।

**पीडित धनेन्द्र राय, प्रहरी सहायक निरीक्षक**

मलाइ घटना स्थलमा नै लात्ती बुटले हानी कुटपिट गरियो । भैरवनाथ गणमा लगेपछि फुटबल खेले जस्तै गरी बुटले हिर्काउने, लात्तीले हान्ने,  पानीमा लगेर डुबाउने, आँखामा बसिङले हान्ने गरे । करेन्ट लगाउने धम्की पनि दिए । मेरो सुनको डेढ तोलाको सुनको सिक्री र ३० हजारको मोबाइल सेट कब्जा गरे । त्यो अझै फिर्ता गरेका छैनन् । क्याप्टेनले मलाई चिनिनस तेरो जागिर पनि खान सक्छु- म ओमक्रिम राणाको भतिजो  हुँ भन्यो । आँखामा रगत जमेको छ । भैरवनाथमा बोले पनि हान्ने नवोले पनि हान्ने  गरे  ।  भैरवनाथमा यातना दिदा  विष्ट पनि थिए ।

**पीडित दिलबहादर तामाङ, प्रहरी जवान**

मलाई ठमेलमा पनि कुटपिट गरे । भैरवनाथ गणमा लगेर चरम यातना दिए । हामी तीनै जनालाई करेन्ट लगाउने  भनेका थिए । इन्सपेक्टर साप र असई सापलाई केही नगर्नु जे गर्नु छ मलाई गर्नु भनेपछि करेन्ट मलाई मात्र चारपटक करेण्ट लगाए । त्यसपछि म वेहोश भएछु ।

## सरोकारवालाको कथन यस्तो छ

**सन्तोष पाण्डे, सेनानी, भैरवनाथ गण**

त्यो दिन राति घटना भएको हो । त्यसलाई हामीले स्वीकार गरेका छौं । गणपति राजेन्द्र खत्रीको तहबाट छानविन भइरहेको छ । अहिलेसम्म क्यापटेन रोविनविक्रम राणालाई निलम्बन गरेको आधिकारिक पत्र आएको छैन ।

**ईश्वर चापागाईं, प्रहरी नायब निरीक्षक, विरेन्द्र प्रहरी अस्पताल**

उपचारको क्रममा तीनै जना यस अस्पतालमा आएका थिए  । पहिला उनीहरू वीर अस्पतालमा गएका थिए । चोट नराम्ररी लागेको छ । दिलबहादुर तामाङलाई बोल्दा अप्ठयारो हुने गरी चोट लागेको रहेछ । डा. सुरज रानाले यो केस हेर्नु भएको हो ।

## निचोड तथा सिफारिश

सेनाले नगरकोट र मोरङको बेलबारीमा गरेको नरसंहार गरेको घटना जनसाधारणको मानसपटलमा ताजै रहेको अवस्थामा लोकतन्त्रको स्थापनापछि पनि सेनाले गर्ने ज्यादती नरोकिएको भैरवनाथ यातना प्रकरणले देखाएको छ । डुयटीमा रहेका प्रहरीलाई जथाभावी भन्दै धक्की दिने तथा हातहतियार सहितका ४० जना सहयोगी लिएर अपहरण शैलीमा प्रहरी कार्यालय घेराउ गरी प्रहरीलाई कब्जामा लिएर चरम यातना दिएबाट जनआन्दोलनपछि पनि सैनिक अनुशासनहिनता, अराजकता र ज्यादती नरोकिएको स्पष्ट भएको छ ।

विना अनुमति सेनाका क्याप्टेन रोविनविक्रम राणाले गणपतिको गाडी, गणको हतियार र ४० जना हतियारधारी सैनिकको प्रयोग सरकारी सुरक्षाकर्मीमाथि नै प्रयोग गरेको घटनाले मानवअधिकार र  कानुनी शासनको अवधारणालाई मात्र लत्याएका छैनन् सेनाभित्रको अहंकारवादी चरित्रलाई समेत उदांगो पारेको छ । यसले सेनाको अन्तराष्ट्रिय छविलाई पनि धुमिल पारेको छ ।

तसर्थ घटनाका दोषी सैनिक क्याप्टेन राणा, भैरवनाथ गणका गणपति राजेन्द्रजंग खत्री लगायत यस घटनामा संलग्न सबै सनिकलाई अविलम्व निलम्बन गरी साधारण अदालतमा मुद्धा चलाइनु पर्दछ । सैनिक ज्यादतीका बारेमा पटक पटक सेनाद्धारा गठित छानविन समितिका प्रतिवेदन सार्वजनिक नभएकोले यो घटनाको छानविन विशुद्ध गैरसैनिक तुल्याउनु पर्दछ । सैनिक यातनाका कारण पीडित भएका तीनै जना पीडितलाई कानुन अनुसार क्षतिपूर्ति उपलब्ध गराउनु पर्दछ ।

# अनुसूची

१. पीडितको तस्वीर



प्रहरी जवान दिलबहादुर तामाङ्ग





प्रहरी जवान दिलबहादुर तामाङ्गः करेण्ट लगाइएको ठांउँ देखाउदै



असई धर्मेन्द्र यादव



प्रहरी निरीक्षक रामबहादुर केसी



Birendra Po
Medical Emergency

| S. No | Date | Unit | Rank | Name | Age | Sex | Remarks |
|---|---|---|---|---|---|---|---|
| 174 | | | | Emergency | | | |
| 175 | | | | Ram Bdr K C | 30 | M | |
| 176 | | | | Dharmendra Raya | 28 | M | |
| 177 | | | | Dil Bdr Tamang | 24 | | |

बीरेन्द प्रहरी अस्पतालको मेडिकल रिपोर्ट



मानवअधिकार सन्धि अनुगमन टोलीका सदस्यहरूसँग पीडित प्रहरीहरू

२. **मानवअधिकार टोलीले भेटेका व्यक्तिको सूचि**

| **क्र.स.** | **नाम** | **दर्जा** | **कार्यलय** |
|---|---|---|---|
| १ | आभूषण तिम्सिना | प्रहरी निरीक्षक | वडा प्रहरी कार्यलय, दरबारमार्ग |
| २ | भीम राई | प्रहरी सहायक निरीक्षक | वडा प्रहरी कार्यलय, दरबारमार्ग |
| ३ | सन्तोष पाण्डे | मेजर | भैरवनाथ गण |
| ४ | इश्वरी चापागाई | प्रहरी नायव निरीक्षक | बिरेन्द्र प्रहरी अस्पताल |
| ५ | रामबहादुर केसी | प्रहरी निरीक्षक | प्रहरीपहरा गण, महाराजगन्ज |
| ६ | धर्मेन्द्र यादव | असई | प्रहरीपहरा गण, महाराजगन्ज |
| ७ | दिलबहादुर तामाङ्ग | जवान | प्रहरीपहरा गण, महाराजगन्ज |